# स्थानीय राजपत्र

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, दिप्रुङ चुइचुम्मा गाउँपालिका, याङसोलाटार खोटाङ श्रावण ११ गते, २०८३ साल,

(संख्या १)

# भाग १

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङको सूचना

## दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्याभूत गरेको सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी मौलिक हकलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने आर्थिक रूपले अति विपन्न, आयस्रोत र रोजगारी नभएका तथा राज्य वा अन्य कुनै क्षेत्रबाट निवृत्तिभरण वा नियमित पारिश्रमिक नपाएका परिवारलाई जीवन निर्वाह भत्ता उपलब्ध गराई न्यूनतम संरक्षण प्रदान गर्न र लोककल्याणकारी स्थानीय सरकारको दायित्व पूरा गर्नका लागि **नेपालको संविधानको धारा २२६ (१)** बमोजिम स्थानीय तहलाई प्राप्त कानुन बनाउने अधिकार, **नेपालको संविधानको अनुसूची-९ को क्रम संख्या १०** बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र पर्ने "सामाजिक सुरक्षा र गरिबी निवारण" सम्बन्धी अधिकार, **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२**

(१) बमोजिम सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी नीति, योजना, कार्यक्रम र ऐन बनाई कार्यान्वयन गर्ने अधिकार र **सामाजिक सुरक्षा ऐन, २०७५** बमोजिम स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट अतिरिक्त सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सक्ने कानुनी व्यवस्था बमोजिम दिप्रुङ चुइचुम्मा गाउँ सभाको उन्नाइसौं अधिवेशनले यो ऐन जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** यस ऐनको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिका अति विपन्न नागरिक सामाजिक सुरक्षा (जीवन निर्वाह भत्ता) ऐन, २०८३" रहनेछ।

२. **यो ऐन दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सम्पूर्ण क्षेत्रभित्र लागू हुनेछ।**

३. **यो ऐन आर्थिक वर्ष २०८३/०८४ को साउन १ गतेदेखि प्रारम्भ हुनेछ।**

४. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "**गाउँपालिका**" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका सम्झनु पर्छ।

(ख) "**गाउँ सभा**" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(ग) "**कार्यपालिका**" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) "**वडा समिति**" भन्नाले गाउँपालिका अन्तर्गतका वडा समितिहरू सम्झनु पर्छ।

(ङ) "**परिवार वा घरधुरी**" भन्नाले एकाघरमा सँगै बसी एउटै भान्छामा खाना खाने र अंशबन्डा नभएका सदस्यहरूको समूह सम्झनु पर्छ।

(च) "**भत्ता**" भन्नाले यस ऐन बमोजिम अति विपन्न घरधुरीलाई प्रदान गरिने मासिक जीवन निर्वाह भत्ता सम्झनु पर्छ।

(छ) "**जनप्रतिनिधि**" भन्नाले प्रचलित कानुनबमोजिम निर्वाचित वा मनोनित भई गाउँपालिका, प्रदेश वा सङ्घीय तहमा बहाल रहेका पदाधिकारी सम्झनु पर्छ।

## परिच्छेद - २

## भत्ताको रकम, योग्यता, अयोग्यता र बन्देजहरू

४. **भत्ताको रकम र दरः** यस ऐनको अधीनमा रही छनोट भएका अति विपन्न प्रत्येक घरधुरीलाई **प्रतिघर मासिक रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपैयाँ)** का दरले जीवन निर्वाह भत्ता प्रदान गरिनेछ।

५. **भत्ता पाउनका लागि आवश्यक योग्यताहरूः** यो भत्ता प्राप्त गर्नका लागि देहायका योग्यताहरू पूरा भएको हुनुपर्नेछः

(क) दिप्रुङ चुइचुम्मा गाउँपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडामा स्थायी रूपमा बसोबास गरिरहेको हुनुपर्ने।

(ख) परिवारको आफ्नै स्वामित्वको जग्गाजमिन, उद्योग वा व्यवसायबाट वर्षभरि खान नपुग्ने र आयको अन्य कुनै भरपर्दो विकल्प नभई चरम आर्थिक संकटमा परेको नागरिक हुनुपर्ने ।

**६. अयोग्यता तथा पूर्ण बन्देज सम्बन्धी विशेष व्यवस्था (जागिर, पेन्सन र वैदेशिक रोजगारी):** देहायका अवस्था भएका परिवार वा घरधुरी यस ऐन बमोजिमको जीवन निर्वाह भत्ता पाउन **पूर्ण रूपमा अयोग्य** ठहरिनेछन्:

(क) परिवारको कुनै पनि सदस्य नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी वा संगठित संस्थाको स्थायी, अस्थायी, वा करार सेवामा कार्यरत रहेको भएमा।

(ख) परिवारको कुनै पनि सदस्यले निजामती, जङ्गी, शिक्षक वा अन्य कुनै पनि निकायबाट नियमित निवृत्तिभरण (पेन्सन) प्राप्त गरिरहेको भएमा।

(ग) परिवारको कुनै पनि सदस्य निजी क्षेत्र, संस्था वा व्यावसायिक कम्पनीमा मासिक पारिश्रमिक पाउने गरी नियमित रोजगारीमा संलग्न भएको भएमा।

(घ) परिवारको कुनै पनि सदस्य **वैदेशिक रोजगारी वा अध्ययनका लागि विदेशमा रहेको** भएमा।

(ङ) परिवारको कुनै पनि सदस्य दिप्रुङ चुइचुम्मा गाउँपालिकाको वा अन्य निकाय/संघ संस्थाबाट आन्तरिक स्रोत वा अन्य योजनाबाट नियमित आर्थिक लाभ लिने काममा संलग्न भएमा।

**७. जनप्रतिनिधि सम्बन्धी विशेष बन्देज:**

(१) प्रचलित कानुनबमोजिम निर्वाचित वा मनोनित भएका कुनै पनि तहका **जनप्रतिनिधि र निजको एकाघरको परिवारले** यो जीवन निर्वाह भत्ता पाउने छैनन्।

(२) जनप्रतिनिधि पदमा बहाल रहेसम्म वा सो पदबाट हटेको एक वर्षसम्म निजको परिवार यस भत्ताका लागि योग्य हुने छैन।

**८. सङ्घीय सामाजिक सुरक्षा भत्ता पाइरहेका घरधुरी सम्बन्धी विशेष व्यवस्था:**

(१) सङ्घीय वा प्रदेश सरकारको प्रचलित कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता (जस्तैः ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता, दलित भत्ता आदि) प्राप्त गरिरहेका व्यक्ति स्वयम्‌को नाममा यो जीवन निर्वाह भत्ता दिइने छैन।

(२) तर, उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, कुनै घरधुरी अति विपन्न श्रेणीमा पर्छ र सो घरको एक जना सदस्यले सङ्घीय सामाजिक सुरक्षा भत्ता पाइरहेको भए तापनि, **सोही घरको सामाजिक सुरक्षा भत्ता नपाएको अर्को योग्य सदस्यको नाममा** प्रतिघर मासिक रु. ३,०००/- का दरले यो विपन्न निर्वाह भत्ता उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम भत्ता दिँदा यस ऐनको दफा ६ र ७ मा उल्लेखित जागिर, पेन्सन, वैदेशिक रोजगारी र जनप्रतिनिधि नभएको सर्त अनिवार्य रूपमा लागू हुनुपर्नेछ।

# परिच्छेद - ३

## निवेदन, छानबिन र छनोट प्रक्रिया

**९. निवेदन दिने प्रक्रियाः** (१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको साउन महिनाभित्र यो भत्ता प्राप्त गर्न योग्य नागरिकहरूबाट निवेदन माग गर्दै सार्वजनिक सूचना जारी गर्नेछ।

(२) निवेदन दिँदा देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः

(क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) बसाइँसराई गरी आएको हकमा सोको आधिकारिक प्रमाणपत्र।

(ग) घरको कुनै पनि सदस्यको जागिर, पेन्सन, वैदेशिक रोजगारी नरहेको र कोही पनि जनप्रतिनिधि नभएको सम्बन्धी तोकेको ढाँचामा गरिएको " स्वघोषणा पत्र"।

(घ) विपन्न परिवार खुल्ने साथै एकाघरभित्रको सदस्यहरु जागिर, पेन्सन तथा बैदेशिक रोजगारीमा नभएको खुल्ने वडा कार्यालयको सिफारिस ।

(ङ) एकाघरको परिवारको नाममा भएको जग्गाधनी प्रमाण पुर्जा ।

(च) निवदेन ।

**१०. छानबिन तथा सिफारिस समितिः** (१) प्राप्त निवेदनहरूको सत्यतथ्य जाँचबुझ गरी वास्तविक अति विपन्न घरधुरी पहिचान गर्न देहाय बमोजिमको एक समिति रहनेछः

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - **संयोजक** |
| सम्बन्धित वडाको वडाध्यक्ष | - **सदस्य** |
| सामाजिक विकास समिति प्रमुख | - **सदस्य** |
| प्रमुख प्रशासकीय अधिकृत वा गाउँकार्यपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारी | - **सदस्य** |
| सामाजिक सुरक्षा शाखा हेर्ने कर्मचारी | **-सदस्य** |
| रोजगार, सीप र उद्दमशिलता केन्द्रको संयोजक | - **सदस्य सचिव** |

(२) उपदफा (१) बमोजिमको समितिले निवेदकको वास्तविक अवस्थाको प्रतिवेदन तयार गर्नेछ र योग्य ठहरिएका घरधुरीको नामावली तयार गर्नेछ ।

## परिच्छेद - ४
## कोष व्यवस्थापन, बजेट र भुक्तानी प्रणाली

**११. अति विपन्न नागरिक सामाजिक सुरक्षा कोषको स्थापनाः**

(१) यस ऐन बमोजिमको भत्ता वितरण कार्यलाई दिगो र व्यवस्थित बनाउन गाउँपालिकामा एक **"दिप्रुङ चुइचुम्मा अति विपन्न नागरिक सामाजिक सुरक्षा कोष"** स्थापना गरिएको छ।

(२) उक्त कोषमा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको वार्षिक बजेटमा आफ्नो आन्तरिक आय वा अन्य अनुदानबाट आवश्यक रकम अनिवार्य रूपमा विनियोजन गर्नुपर्नेछ।

**१२. पूर्ण बैंकिङ्ग प्रणालीमार्फत भुक्तानीः**

(१) यस ऐन बमोजिम स्वीकृत भएका लक्षित लाभग्राहीको नाममा वा निजले इच्छाएको एक घरधुरीका सदस्यको नाममा बैंकमा खाता खोलिनेछ । र सो खातामा गाउँपालिकाले सिधै रकम जम्मा गर्नेछ।

(२) कुनै पनि अवस्थामा नगद वा चेकमार्फत हातहातै भत्ता वितरण गर्न पाइने छैन।

(३) भत्ताको रकम प्रत्येक चौमासिकमा (तिन-तिन महिनामा एकमुष्ट रु. ९,०००/-) वा कार्यपालिकाले तोकेबमोजिम मासिक रूपमा समेत बैंक खातामा पठाइनेछ।

(४) निर्वाह भत्ता पाइरहेको लाभग्राहीको ऐन अनुसार आर्थिक वर्षको शुरु, बिच वा अन्त्यमा भत्ता कट्टा भएमा वा शुरु आर्थिक वर्षको साउन महिनाको आवेदनमा छुट भएमा त्यस्तो लाभग्राहीको नाम अर्को आर्थिक वर्षमा मात्र समावेश गरि निर्वाह भत्ता उपलब्ध गराइनेछ। तर ऐन अनुसार कट्टा गर्नुपर्ने लाभग्राहीहरुको नाम भने हरेक चौमासिक रुपमा हटाइनेछ।

## परिच्छेद - ५
## अनुगमन, कसुर र सजाय

**१३. अनुगमन र पुनरावलोकनः**

(१) गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा रहेको 'बजेट तथा कार्यक्रम अनुगमन समिति' ले यस कार्यक्रमको अर्धवार्षिक रूपमा अनुगमन गर्नेछ।

(२) प्रत्येक चौमासिकमा स्वीकृत नामावलीको पुनरावलोकन गरिनेछ। यदि कुनै परिवारको आकस्मिक आर्थिक लाभ प्राप्त भई आर्थिक अवस्था सुधार भएको वा परिवारको सदस्यले जागिर पाएको, विदेश गएको खण्डमा आगामी चौमासिकदेखि निजको भत्ता स्वतः कट्टा गरिनेछ।

**१४. गलत विवरण दिएमा हुने सजाय र असुल उपरः**

(१) कसैले सरकारी जागिर, पेन्सन, वैदेशिक रोजगारी वा जनप्रतिनिधि भएको विवरण लुकाई वा झुट्टा विवरण पेश गरी यो भत्ता लिएको प्रमाणित भएमा निजको भत्ता तुरुन्त खारेज गरिनेछ।

(२) झुट्टा विवरणका आधारमा लिएको रकम प्रचलित कानुनबमोजिम **"सरकारी बाँकी सरह"** निजको जायजेथाबाट असुल उपर गरिनेछ।

(३) बदनियतपूर्वक वा पूर्वाग्रह राखी गलत सिफारिस गर्ने कर्मचारी वा जनप्रतिनिधिलाई प्रचलित कानुन र गाउँपालिकाको कर्मचारी आचारसंहिता बमोजिम विभागीय वा कानुनी कारबाही गरिनेछ।

## परिच्छेद - ६
## विविध

**१५. नियमावली वा कार्यविधि बनाउने अधिकारः** यस ऐनको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने निवेदनको ढाँचा, स्वघोषणा पत्रको ढाँचा, सम्झौता र अन्य दैनिक प्रशासनिक प्रक्रियाहरू निर्धारण गर्न गाउँ कार्यपालिकाले आवश्यक **नियमावली वा कार्यविधि** बनाउन सक्नेछ।

**१६. बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा सङ्घीय र प्रदेश कानुनको भावना विपरीत नहुने गरी बाधा अड्काउ फुकाउने निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ र त्यस्तो निर्णय आगामी गाउँ सभाबाट अनुमोदन गराउनुपर्नेछ।